सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय

वार्षिक प्रगति प्रतिवेदन

आ. व. २०७३/०७४

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय

वार्षिक प्रगति प्रतिवेदन

आ. व. २०७३/०७४

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय

वार्षिक प्रगति प्रतिवेदन

आ. व. २०७३/०७४

सल्लाहकार

गणेश पन्त

प्रमुख संरक्षण अधिकृत

सम्पादन

मानबहादुर खड्का

सहायक संरक्षण अधिकृत

सम्पादन सहयोगी

राजेश काफ्ले, लेखा अधिकृत

जयराम न्यौपाने, रेञ्जर

निर्मला कुमारी बम, कम्प्युटर अपरेटर

ज्ञानदिप कार्की, खरिदार

राजु तामाङ, खरिदार

प्रतिलिपि अधिकार

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय, २०७४

मुद्रण

क्रियटिभ लिङ्क प्रा. लि.

बागबजार, काठमाण्डौ

फोन नं. : ०१-४२१६९१३

इमेलः creativelink@gmail.com

प्रकाशक

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय

नाम्चे बजार, सोलुखुम्बु, नेपाल

फोन नं. : ०३८-५४०११४, फ्याक्स नं. : ०३८-५४०३९५

इमेल : snp.namche@gmail.com

info@sagarmathanationalpark.gov.np,

वेबसाइट : www.sagarmathanationalpark.gov.np

सम्पादकीय

नेपाल जैविक विविधताको धनी देशको रूपमा विश्वमा परिचित छ। सन् १९७० को दशकदेखि संरक्षणको संस्थागत शुरुवात भएकोमा हालसम्म नेपालको २३.३९ प्रतिशत भू–भाग संरक्षित क्षेत्रहरूको रूपमा घोषणा भई संरक्षण तथा व्यवस्थापन कार्यलाई प्राथमिकताको साथ अगाडि बढाइएको हुँदा दुर्लभ एवं महत्त्वपूर्ण वन्यजन्तुहरूको संख्यामा क्रमिक वृद्धि हुँदै गइरहेको छ। तथापि जैविक विविधता संरक्षणको क्षेत्रमा नेपालले हासिल गरेको यो उपलब्धि कायम राख्ने कार्य निकै चुनौतिपूर्ण देखिन्छ।

नेपालको पूर्वी हिमाली क्षेत्र अन्तर्गत सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ ल्हामु गाउँपालिकाको १,१४८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको सगरमाथा राष्ट्रिय निकुञ्ज सन् १९७६ मा स्थापना भएको हो। यस राष्ट्रिय निकुञ्जले हिउँ चितुवा, कस्तुरी मृग लगायतका दुर्लभ एवं लोपोन्मुख वन्यजन्तुहरूको लागि उपयुक्त बासस्थान प्रदान गर्दछ। संसारकै सबैभन्दा अग्लो सगरमाथा शिखर यसै निकुञ्जभित्र पर्ने भएकोले यस राष्ट्रिय निकुञ्ज अन्तर्राष्ट्रिय स्तरमा समेत सुपरिचित छ। सन् १९७९ देखि यो राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचिकृत छ भने यस राष्ट्रिय निकुञ्जभित्र अवस्थित गोक्यो तथा वरपरका तालहरू सन् २००७ मा अन्तर्राष्ट्रिय महत्त्वको सिमसार क्षेत्रको रूपमा रामसार सूचीमा सूचिकृत भएको छ।

नेपालमा जैविक विविधता संरक्षण र पर्यापर्यटनको दृष्टिकोणले एउटा महत्त्वपूर्ण संरक्षित क्षेत्रको रूपमा रहेको सगरमाथा राष्ट्रिय निकुञ्जको अद्धितीय जैविक विविधता संरक्षण, पर्यटन व्यवस्थापन तथा मध्यवर्ती क्षेत्रको एकीकृत संरक्षण र विकास कार्यलाई विद्यमान क्षमता तथा उपलब्ध साधन स्रोतको परिचालन मार्फत आ. व. ०७३/७४ मा पनि निरन्तरता दिइएको छ । पछिल्लो समयमा कस्तुरी मृग लगायतका वन्यजन्तुहरूको चोरी शिकार नियन्त्रणमा उल्लेख्य उपलब्धि हासिल भएको छ भने सरोकारवालाहरूसंगको समन्वय र सहकार्यमा समग्र जैविक विविधता संरक्षण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ।

नेपालको पहिचान र गौरवको रूपमा स्थापित यस सगरमाथा राष्ट्रिय निकुञ्जको संरक्षण तथा मध्यवर्ती क्षेत्रको विकासमा बिगत चार दशकदेखि महत्त्वपूर्ण योगदान गर्नुहुने अग्रज संरक्षणकर्मीहरूलाई हार्दिक सम्मान व्यक्त गर्दै सम्बन्धित सम्पूर्ण संस्था एवं व्यक्तिहरूबाट यस राष्ट्रिय निकुञ्जको जैविक विविधता संरक्षण कार्यमा सदैव महत्त्वपूर्ण सहयोगको अपेक्षा गरेका छौं।

विषय सूची

सगरमाथा राष्ट्रिय निकुञ्जः संक्षिप्त जानकारी १

मुख्य गतिविधिहरु २

राष्ट्रिय निकुञ्जको संरक्षण २

वन्यजन्तु प्रजातिहरूको अवस्था ३

अध्ययन अनुसन्धान ४

वन्यजन्तुको उद्धार ४

वन्यजन्तुको मृत्यु ४

मुद्दा सम्बन्धी विवरण ५

पर्यटक विवरण ५

राजश्व विवरण ६

बजेट तथा खर्चको स्थिति ६

राष्ट्रिय निकुञ्ज आयोजना..... ७

कम्पाउण्ड वाल निर्माण ७

साइनबोर्ड/सूचनाबोर्ड निर्माण ७

सोलार वाटर हिटर जडान ७

चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन ७

वन डढेलो व्यवस्थापन ७

वेरुजु फछ्र्यौटको स्थिति ८

विशिष्ट महानुभावहरुको निकुञ्ज भ्रमण..... ९

मध्यवर्ती क्षेत्र व्यवस्थापन.....१०

बजेट विनियोजन तथा निकासा.....१०

वार्षिक प्रगति विवरण १०

संरक्षण कार्यक्रम.....१०

सामुदायिक विकास कार्यक्रम ११

आय आर्जन तथा सीप विकास कार्यक्रम.....११

संरक्षण शिक्षा कार्यक्रम ११

मध्यवर्ती क्षेत्रको कार्यक्रम अनुगमन.....१२

पुरस्कार वितरण १२

खुम्बु क्षेत्रमा कार्यरत कर्मचारीहरूकोलागि आपतकालीन कोष १२

वन्यजन्तुबाट भएको क्षति तथा राहत १३

मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन १३

विविध १३

सगरमाथा राष्ट्रिय निकुञ्जको ४१ औं स्थापना दिवस .१४

वन्यजन्तु सप्ताह, २०७४ ..... १५

एभरेष्ट म्याराथुन, २०१७.....१५

सगरमाथा आधार शिविर क्षेत्रको अनुगमन.....१६

सम्झौता कार्यान्वयन सम्बन्धी अनुगमन १६

अनुसूचीहरू

अनुसूची – १ सगरमाथा राष्ट्रिय निकुञ्जको सिमाना.....१९

अनुसूची – २ सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको सिमाना..... २०

अनुसूची – ३ वार्षिक प्रगति विवरण (राष्ट्रिय निकुञ्ज आयोजना)..... २१

अनुसूची – ४ को वार्षिक प्रगति विवरण (मध्यवर्ती क्षेत्र कार्यक्रम)..... २३

अनुसूची – ५ पोष्टहरूको विवरण २६

अनुसूची – ६ सगरमाथा राष्ट्रिय निकुञ्जमा हालसम्म तैनाथ गुल्महरूको नामावली २६

अनुसूची –७ List of Mammals recorded in Sagarmatha National Park and its Buffer Zone २७

अनुसूची – ८ Checklist of the Birds of Sagarmatha National Park and its Buffer Zone २८

अनुसूची – ९ List of Herpetofauna recorded in Sagarmatha National Park and its Buffer Zone..... ३५

अनुसूची – १० आ.व. ०७३/७४ को पर्यटक विवरण ३६

अनुसूची – ११ आ.व. ०७३/७४ को पर्यटकहरू सम्बन्धी मासिक विवरण ३६

अनुसूची – १२ आ.व. ०७३/७४ को पर्यटकहरूको देश अनुसारको विवरण ३७

अनुसूची – १३ सगरमाथा राष्ट्रिय निकुञ्जमा सन् १९९८ देखि २०१६ सम्मको अवधिमा आएका विदेशी पर्यटकहरूको संख्या ४०

अनुसूची – १४ आ. व. ०७३/७४ को राजश्व सम्बन्धी विवरण४१

अनुसूची – १५ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका पदाधिकारीहरूको विवरण ४२

अनुसूची – १६ आ. व. ०७३/७४ को मध्यवर्ती क्षेत्र कार्यक्रमको खर्च सम्बन्धी विवरण ४५

अनुसूची – १७ मध्यवर्ती सामुदायिक वन सम्बन्धी विवरण ..४७

अनुसूची – १८ स्थानीय व्यक्ति वा संस्थालाई राजश्व लिई वितरण गरिएको वन पैदावारको विवरण.....४८

अनुसूची – १९ चलचित्र/वृत्रचित्र छायांकन सम्बन्धी विवरण४८

अनुसूची – २० सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका होटल लजहरू सम्बन्धी विवरण ४९

अनुसूची – २१ सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको सांगठनिक संरचना ५८

अनुसूची – २२ सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको कर्मचारी दरबन्दी विवरण.....५८

अनुसूची – २३ स्थापनाकाल देखि हालसम्मका वार्डेन अधिकृत/प्रमुख संरक्षण अधिकृतहरूको विवरण.. ५९

अनुसूची – २४ सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण ६०

सगरमाथा राष्ट्रिय निकुञ्जः संक्षिप्त जानकारी

वि.सं. २०३३ श्रावण ४ गते (तद्नुसार सन् १९७६ जुलाई १९) राजपत्रमा सूचना प्रकाशित भई विधिवत रूपमा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज नेपालको एउटा महत्त्वपूर्ण संरक्षित क्षेत्र हो।

यो राष्ट्रिय निकुञ्ज पूर्वी नेपालको सोलुखुम्बु जिल्ला अन्तर्गतका साबिकको नाम्चे र खुम्जङ गा.वि.स. साथै चौरीखर्क गा.वि.स.को केही उत्तरी भाग समेत गरी १,१४८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यस राष्ट्रिय निकुञ्जको चारकिल्ला तथा बिस्तृत सिमाना *अनुसूची–१* मा दिइएको छ। नेपालको संरक्षित क्षेत्र अन्तर्गत उच्च हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणाली, महत्त्वपूर्ण जैविक विविधता साथै विश्वको सर्वोच्च शिखर समेत समेटिएको यस राष्ट्रिय निकुञ्जलाई सन् १९७९ मा विश्व सम्पदा सूचीमा समावेश गरिएको छ। त्यसैगरी यस राष्ट्रिय निकुञ्जभित्र अवस्थित गोक्यो तथा वरपरका तालहरू सन् २००७ मा अन्तर्राष्ट्रिय महत्त्वको सिमसार क्षेत्रको रूपमा रामसार सूचीमा सूचिकृत भएको छ।

सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको भू–उपयोगको अवस्था

क्र. सं.	भू–उपयोगको किसिम	प्रतिशत
१	नाङ्गो पाखा	६५.६१८
२	हिमनदी	१६.२१०
३	घाँसे मैदान	६.८४०
४	झाडी	५.९४०
५	वनजंगल	३.०८०
६	चट्टान	०.३४०
७	मानव बस्ती तथा आवादी	०.७५०
८	ताल र पोखरी	०.६५०
९	बालुवा	०.५५०
१०	जल क्षेत्र	०.०१५
११	विमानस्थल	०.००७

स्रोत : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०१३

जैविक विविधता संरक्षणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै जैविक स्रोतबाट प्राप्त हुने लाभको वितरणमा स्थानीय समुदायलाई साझेदार बनाउने मध्यवर्ती क्षेत्रको अवधारणा अनुरूप यस राष्ट्रिय निकुञ्ज भित्रका मानव बस्तीहरू साथै वरपरको २७५ वर्ग किलोमिटर क्षेत्रलाई समेटेर वि.सं. २०५८ साल पौष १७ गते राजपत्रमा सूचना प्रकाशित गरी सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो। मध्यवर्ती क्षेत्रको सिमाना *अनुसूची–२* मा दिइएको छ। यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा सोलुखुम्बु जिल्लाका साबिकको नाम्चे, खुम्जुङ्ग र चौरीखर्क गा.वि.स.हरू समेटिएका छन्। पछिल्लो तथ्यांक अनुसार यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका १,६१९ घरधुरीमा जम्मा ७,७४५ मानिसहरू बसोबास गर्दछन् । मध्यवर्ती क्षेत्रका बासिन्दाहरूलाई ३ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत २८ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समूहमा आबद्ध गरिएको छ। मध्यवर्ती क्षेत्रमा संरक्षण र विकासका गतिविधिहरूलाई एकिकृत रूपमा अगाडि बढाउनका लागि नेतृत्व प्रदान गर्ने कार्यमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति क्रियाशील रहेको छ।

सगरमाथा राष्ट्रिय निकुञ्जका मुख्य बिशेषताहरू

- पवित्र हिमालय भू–परिधि अन्तर्गत पर्ने जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्त्वपूर्ण तथा संवेदनशील क्षेत्र।
- हिउँ चितुवा, कस्तुरी मृग, हाब्रे लगायतका दुर्लभ वन्यजन्तुहरूको उपयुक्त बासस्थान।
- सन् १९७९ मा सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचिकृत भएको।
- सन् २००७ मा सगरमाथा राष्ट्रिय निकुञ्जभित्र अवस्थित गोक्यो तथा वरपरका तालहरू रामसार क्षेत्र घोषित भएको।
- वार्षिक रूपमा करीब ४० हजार भन्दा बढी विदेशी पर्यटकहरूले भ्रमण गर्ने पदयात्रा एवं पर्वतारोहणको लागि विश्व प्रसिद्ध गन्तव्य।

यस निकुञ्जमा विभिन्न किसिमका वन, घाँसे मैदानहरू तथा सिमसार क्षेत्रहरू रहेको पाइन्छ । यस निकुञ्जमा प्रजाति स्तरको विविधता निम्नानुसार रहेको छ।

प्रजाति किसिम	नेपालमा पाईने	सगरमाथा राष्ट्रिय निकुञ्जमा पाइने	प्रतिशत
स्तनधारी	२०८	३७	१८
पंक्षी	८७८	२१९	२५
घस्रिने तथा उभयचर	१४३	१८	१३

हाल निकुञ्जको जैविक विविधता संरक्षणमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै निकुञ्ज संरक्षण र व्यवस्थापनका कार्यहरू अगाडि बढाइएको छ।

मुख्य गतिविधिहरू

निकुञ्जको समग्र व्यवस्थापन साथै मध्यवर्ती क्षेत्रको एकिकृत संरक्षण र विकासका लागि वि.सं. २०७३ श्रावणदेखि २०७४ आषाढ मसान्तसम्म भए गरेका मुख्य मुख्य गतिविधिहरूलाई यस वार्षिक प्रगति प्रतिवेदनमा समेटिएको छ। आ.व. ०७३/७४ मा यस राष्ट्रिय निकुञ्ज कार्यालय अन्तर्गत संचालित राष्ट्रिय निकुञ्ज आयोजनाको भौतिक प्रगति *(अनुसूची–३)* ९७ प्रतिशत र मध्यवर्ती क्षेत्र कार्यक्रमको भौतिक प्रगति *(अनुसूची–४)* ९९ प्रतिशत रहेको छ।

राष्ट्रिय निकुञ्जको संरक्षण

संरक्षणको निरन्तर प्रयासको बाबजुद पनि बेला बेलामा हुने गरेको दुर्लभ वन्यजन्तु कस्तुरी मृग लगायतका वन्यजन्तुहरूको चोरी शिकार यस निकुञ्जको संरक्षणको लागि चुनौतिको रूपमा रहेको छ। निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अवैध क्रियाकलापहरू हुन नदिई समग्र जैविक विविधताको संरक्षण गर्नका लागि विभिन्न १० स्थानमा पोष्टहरूको स्थापना गरी संचालनमा ल्याइएको छ। यी पोष्टहरू मध्ये ५ वटा पोष्टमा निकुञ्जका कर्मचारीहरू मात्रै, २ वटा पोष्टमा नेपाली सेना मात्रै र ३ वटा पोष्टहरूमा निकुञ्जका कर्मचारी र नेपाली सेना दुबै रही कार्य संचालन भई रहेको छ *(अनुसूची–५)*।

सगरमाथा राष्ट्रिय निकुञ्जको सुरक्षा व्यवस्थाको लागि वि.सं. २०४७ साल श्रावण ३० गतेदेखि नेपाली सेना तैनाथ रहेको छ। यस राष्ट्रिय निकुञ्जको सुरक्षार्थ हालसम्म खटिएका गुल्महरूको नामावली *अनुसूची–६* मा दिइएको छ। यस राष्ट्रिय निकुञ्जको सुरक्षा व्यवस्थाको लागि बिगत चार बर्षदेखि तैनाथ रहेको बराहदल गुल्म मिति २०७४ साल आषाढ २५ गतेदेखि खाँदबारी, संखुवासभा गएको छ भने यस राष्ट्रिय निकुञ्जमा शम्शेर गुल्म आएको छ। हाल शम्शेर गुल्मले गुल्म हेडक्वाटर नाम्चे तथा थामे, फुंगीठाँगा, मन्जो र लुक्लामा गरी जम्मा ४ वटा सुरक्षा पोष्टहरूबाट निकुञ्जको सुरक्षा गर्दै आएको छ भने बिगत लामो केही बर्षदेखि संचालनमा नआएको डोलेस्थित सुरक्षा पोष्ट संचालनमा ल्याउने तयारी भइरहेको छ।

निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तुहरूको चोरी शिकार लगायतका कानूनले निषेध गरेका गतिविधिहरू हुन नदिनको लागि निकुञ्जका कर्मचारीहरू तथा निकुञ्जको सुरक्षाका लागि खटिएका नेपाली सेनाहरूबाट नियमित गस्तीको व्यवस्था मिलाइएको छ। नियमित गस्ती बाहेक अवस्था र स्थानको संवेदनशिलताको आधारमा बिशेष गस्तीहरू गर्ने गरिएको छ भने संवेदनशील क्षेत्रहरूमा स्वीप तथा क्याम्पिङ्ग अपरेसनहरू संचालन गरिएको छ।

यस राष्ट्रिय निकुञ्ज कार्यालय तथा बराहदल गुल्मको संयुक्त टोलीले वन्यजन्तु झारलको शिकार गर्ने कार्यमा संलग्न रहेको आशंकामा सोलुखुम्बु जिल्ला, नेचा गा.वि.स., वडा नं. ३, वेतघारी बस्ने बर्ष ३३ को ईन्द्र कुमार वि.क. र सोलुखुम्बु जिल्ला, वासा गा.वि.स., वडा नं. २ बस्ने बर्ष ३६ को नर बहादुर भुजेललाई झारलको सिङ थान ४ (चार), आरा थान १ (एक) र खुकुरी थान २ (दुई) सहित पक्राउ गरी मिति २०७३।०७।०७ मा बुझाएको थियो।

यस सम्बन्धमा अनुसन्धान तहकीकात गरी निज दुई जना र फरार प्रतिवादी देउसा गा.बि.स. बस्ने अन्दाजी बर्ष ४० को तिलक राई समेत गरी तीन जना बिरुद्ध मिति २०७३।०७।२८ मा यस राष्ट्रिय निकुञ्ज कार्यालयमा पेश गरिएको अभियोगपत्रको आधारमा प्रमुख संरक्षण अधिकृतको इजलासमा मिति २०७३।०७।२८ मा भएको थुनछेक आदेश बमोजिम उल्लेखित दुई जना प्रतिवादीहरूलाई रु. ५९,१२५ को दरले धरौटी लिई तारेखमा छाडिएको र फरार प्रतिवादी तिलक राईको नाममा समाह्वान जारी गरी उक्त म्याद तामेल गरिदिनको लागि जिल्ला प्रहरी कार्यालय, सल्लेरी, सोलुखुम्बुलाई अनुरोध गरी पठाइएको छ।

मिति २०७३।०८।२७ मा यस निकुञ्जको तोपडाँडा क्षेत्रमा गस्ती गर्ने क्रममा पासाङ शेर्पा, मिङ्मा ल्हामु शेर्पा, दिपा राई र आङ फुरा शेर्पाले सुकेका दाउरा संकलन गरेको पाईएकोले निजहरूलाई कसुरको मात्रा हेरी रु. २००।– देखि रु. ५००।– सम्म जरिवाना गरी छाडिएको थियो।

वन्यजन्तु प्रजातिहरूको अवस्था

सगरमाथा राष्ट्रिय निकुञ्जको स्थापनाकालदेखि नै मुख्य मुख्य वन्यजन्तु प्रजातिहरूको अनुगमन तथा गणना कार्य गरिँदै आइएको छ। हालसम्म यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा ३७ प्रजातिका स्तनधारी वन्यजन्तु प्रजातिहरू रेकर्ड गरिएको छ *(अनुसूची–७)*।

सगरमाथा राष्ट्रिय निकुञ्ज खासगरी दुर्लभ वन्यजन्तुहरू हिउँ चितुवा, कस्तुरी मृग र हाब्रेको महत्त्वपूर्ण बासस्थान हो। सन् २०१० मा गरिएको सर्वेक्षण अनुसार यस राष्ट्रिय निकुञ्ज क्षेत्रमा कम्तीमा चारवटा हिउँ चितुवाहरू स्थायी रूपमा बस्ने गरेको अनुमान गरिएको छ।

यस राष्ट्रिय निकुञ्ज क्षेत्रमा पछिल्लो पटक गरिएको अनुगमन प्रतिवेदन अनुसार कम्तीमा ५२ वटा कस्तुरी मृगहरू रहेको अनुमान छ। उक्त अनुगमनमा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र अन्तर्गत रहेका कस्तुरी मृगका सम्भाव्य सबै बासस्थान नसमेटिएको हुँदा यस राष्ट्रिय निकुञ्ज क्षेत्रमा यो भन्दा अझै बढी संख्यामा कस्तुरी मृग हुन सक्ने अनुमान छ।



यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा कस्तुरी मृगको वर्तमान अवस्था यकिन गर्नको लागि आ. व. ०७४/७५ मा सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका सम्भाव्य क्षेत्रमा कस्तुरी मृगको अनुगमन गर्न कार्यक्रम प्रस्ताव गरिएको छ।

यस राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने सामुदायिक वन क्षेत्र दुर्लभ वन्यजन्तु हाब्रेको लागि उपयुक्त बासस्थान हो।

उक्त क्षेत्रको मध्यवर्ती सामुदायिक वनहरूमा पछिल्लो पटक गरिएको सम्भाव्य बासस्थानहरूको अनुगमनबाट सय भन्दा बढी संख्यामा हाब्रे रहेको अनुमान गरिएको छ।



यस राष्ट्रिय निकुञ्ज क्षेत्रमा हिउँ चितुवाको मुख्य आहाराजन्य प्रजाति झारल हो। पछिल्लो समयमा यस क्षेत्रमा गरिएको प्रत्यक्ष गणनाबाट कम्तीमा २२२ वटा झारल रहेको अनुमान छ।



यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पछिल्लो पटक गरिएको सर्वेक्षणबाट जम्मा २१९ प्रजातिका चराहरू रेकर्ड गरिएका छन् *(अनुसूची-८)*।

अध्ययन अनुसन्धान

आ. व. ०७३/७४ मा यस राष्ट्रिय निकुञ्ज कार्यालयको तर्फबाट भएका अध्ययन अनुसन्धान कार्यहरूमा मध्यवर्ती क्षेत्र कार्यक्रमको प्रभावकारिता अध्ययन तथा अभिलेखीकरण र सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको जि. आई. एस. नक्शा अपडेट तथा जोनेसन रहेका छन्। त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट अनुमति लिएर यस सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा आ. व. ०७३/७४ मा दुईवटा अध्ययन अनुसन्धान कार्य भएका छन्। जसमा Accessing the interior bed of a Himalayan debris covered glacier to forecast future mass loss and High mountain Asia-building Resilience to water variability using experiments and household surveys for science based community Driven approach to reducing Glacier lake Outburst Flood in the Nepal Himalayan बिषयको अध्ययनका लागि The Himalayan Research Center को तर्फबाट श्री रामराज रिजालले १ अप्रिल, २०१७ देखि २९ मार्च, २०१८ सम्म र Dynamics of Coupled Human and Natural Systems (CNH) बिषयको अध्ययनका लागि Kathmandu University को तर्फबाट प्राध्यापक श्री सुवोध शर्माले २८ अप्रिल, २०१७ देखि ३० मे, २०१७ सम्मको अनुमति लिनु भएको थियो।

वन्यजन्तुको उद्दार

विभिन्न कारणले घाइते भएका वन्यजन्तुहरू तथा माउबाट कारणबश छुटेका वन्यजन्तुका बच्चाहरूलाई प्राकृतिक बासस्थानमा त्यसै छाडिदिंदा बाँच्न नसक्ने देखिएमा त्यस्ता वन्यजन्तुहरूलाई उद्दार गरी उपयुक्त स्थानमा राखी नियमित हेरचाह गर्नुपर्ने हुन्छ। आ. व. ०७३/७४ मा यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रबाट झारलको उद्दार गरिएको थियो।

मिति २०७३।०७।०३ मा खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ३, मन्जोबाट निकुञ्जका कर्मचारी तथा बराहदल गुल्मको संयुक्त गस्ती टोलीले घाइते अवस्थामा एउटा भाले झारलको उद्दार गरेको थियो। जोरसल्ले स्थित निकुञ्जको पोष्टमा राखेर तीन दिनसम्म उक्त झारलको रेखदेख गरी जोरसल्ले जंगल क्षेत्रमा सकुशल छाडिएको थियो। त्यसैगरी मिति २७३।१२।०२ मा खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. २, छेप्लुङबाट निकुञ्जका कर्मचारी तथा रेडपाण्डा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको संयुक्त टोलीले चितुवाको आक्रमणमा परी घाइते अवस्थामा एउटा पोथी झारलको उद्दार गरेको थियो। लुक्ला स्थित निकुञ्जको पोष्टमा एक रात राखेर सामान्य उपचार गरी रेडपाण्डा मध्यवर्ती सामुदायिक वन क्षेत्रमा उक्त झारललाई सुरक्षितसाथ छाडिएको थियो।

वन्यजन्तुको मृत्यु

आ. व. ०७३/७४ मा यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा प्राकृतिक कारणले निम्नानुसार विभिन्न प्रजातिका वन्यजन्तुहरू मरेको पाइयो।

क्र. सं.	मिति	स्थान	वन्यजन्तु प्रजाति	मृत्युको कारण
१	२०७३।०५।०३	खुम्बु पासाङ ल्हामु गाउँपालिका–५, थामे x–०४६५१६९, y– ३०७८५८४	कस्तुरी मृग (भाले)	मलसाप्रोले लखेटेर मारेको
२	२०७३।०५।२६	खुम्बु पासाङ ल्हामु गाउँपालिका–३, मन्जो x–०४७२१८४, y– ३०७२००२	झारल (भाले)	उमेर पुरा भई कालगतिले मरेको
३	२०७३।११।२९	खुम्बु पासाङ ल्हामु गाउँपालिका–४, इम्जा खोला पुल	झारल (पोथी)	हिउँ चितुवाले खाएको
४	२०७४।०१।०९	खुम्बु पासाङ ल्हामु गाउँपालिका–४, फुँगिठाँगा x–०४७४८९७, y–३०७८६८८	झारल (भाले)	चितुवाले खाएको
५	२०७४।०३।२८	खुम्बु पासाङ ल्हामु गाउँपालिका–४, मोङडाँडा x–०४७४०२१, y–३०७९४५०	झारलको बच्चा (पोथी)	चिलले आक्रमणमा गरी मारेको

मुद्दा सम्बन्धी विवरण

आ. व. ०७३/७४ मा यस राष्ट्रिय निकुञ्ज कार्यालयमा निम्नानुसारका तीनवटा मुद्दाहरू दायर भएका छन्।

दर्ता मिति	मुद्दा	कैफियत
२०७३।०४।३२	मध्यवर्ती वन क्षेत्रमा अवैध रूपमा जडिवुटी संकलन गरेको	मिति २०७३।०४।३२ को थुनछेक आदेश बमोजिम जनही रु. ८,९५८।३३ का दरले धरौटी लिई प्रतिवादीहरूलाई तारेखमा छाडिएको।
२०७३।०५।०३	बिना अनुमति मध्यवर्ती सामुदायिक वन क्षेत्रमा रुख काटेको	मिति २०७३।०५।०३ को थुनछेक आदेश बमोजिम रु. ६८,५२५।– धरौटी लिई प्रतिवादीलाई तारेखमा छाडिएको।
२०७३।०७।२८	वन्यजन्तु झारल मारेको	मिति २०७३।०७।२८ को थुनछेक आदेश बमोजिम जनही रु. ५९,१२५।– का दरले धरौटी लिई प्रतिवादीहरूलाई तारेखमा छाडिएको।

पर्यटक विवरण

यस राष्ट्रिय निकुञ्जको भ्रमणमा आउने विदेशी पर्यटकहरूलाई सार्क मुलुकका र अन्य विदेशी गरी दुई समूहमा वर्गिकरण गरी भ्याट बाहेक क्रमशः रु. १,५००।– र रु. ३,०००।– प्रति व्यक्ति निकुञ्ज प्रवेश शुल्क लिने गरिएको छ। आ. व. ०७३/७४ मा २,२२५ जना (५ प्रतिशत) सार्क मुलुकका र ४२,८८७ जना (९५ प्रतिशत) अन्य विदेशी पर्यटकहरू गरी जम्मा ४५,११२ जना विदेशी पर्यटकहरूले यस राष्ट्रिय निकुञ्जको भ्रमण गरेका छन् *(अनुसूची– १०)*।

यस अवधिमा सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा आएका १०५ राष्ट्रका पर्यटकहरू मध्ये धेरै संख्यामा पर्यटक आउने निम्नानुसार दशवटा राष्ट्रहरूका पर्यटकहरूको संख्या मात्रै ५४ प्रतिशत रहेको छ *(अनुसूची– १२)*।



आ. व. ०७३/७४ मा आएका पर्यटकहरू मध्ये सबैभन्दा बढी (९,०६३ जना) कार्त्तिक महिनामा र सबैभन्दा कम (३७६ जना) श्रावण महिनामा यस राष्ट्रिय निकुञ्ज क्षेत्रमा प्रवेश गरेका छन्।



आ. ब. ०७३/७४ मा यस राष्ट्रिय निकुञ्जमा आएका पर्यटकहरू मध्ये २७,७७१ जना (६१.५६ प्रतिशत) पुरुष र १७,३४१ जना (३८.४४ प्रतिशत) महिला रहेका छन्।



२०७२ साल बैशाखमा आएको विनाशकारी भूकम्प तथा नाकावन्दीको कारणले गर्दा बिगत बर्षहरूको तुलनामा आ. व. ०७२/७३ मा यस निकुञ्ज क्षेत्रमा आउने पर्यटकहरूको संख्या कम भएको थियो भने आ. व. ०७३/७४ मा पर्यटकहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ।



सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा आउने पर्यटकहरूको लागि आवश्यक पूर्वाधारहरू मध्ये होटल/लज एउटा महत्त्वपूर्ण भौतिक पूर्वाधारको रूपमा रहेको छ। यस राष्टिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका होटल/लजहरूको विवरण अनुसूची–२० मा दिइएको छ।

राजश्व विवरण

यस राष्ट्रिय निकुञ्जको राजश्व आम्दानीको मुख्य स्रोत पर्यटक प्रवेश शुल्क रहेको छ। आ. व. ०७३/७४ को सगरमाथा राष्ट्रिय निकुञ्जको कुल राजश्व रु. १४,३९,५६,६०५।– मध्ये रु. १३,५५,७८,४५०।– (९४ प्रतिशत) पर्यटक प्रवेश शुल्कबाट प्राप्त भएको छ *(अनुसूची– १४)*।



यसरी प्राप्त पर्यटक प्रवेश अनुमति बापतको राजश्व मध्ये रु. २,७४,२६,०००।– (२० प्रतिशत) काठमाण्डौंस्थित भृकुटीमण्डप काउण्टरबाट संकलन भएको छ भने रु. ११,१९,८३,९१८ (८० प्रतिशत) यस राष्ट्रिय निकुञ्ज कार्यालयबाट संकलन भएको हो।

बजेट तथा खर्चको स्थिति

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय अन्तर्गत आ. व. ०७३/७४ मा राष्ट्रिय निकुञ्ज आयोजना र मध्यवर्ती क्षेत्र कार्यक्रम गरी दुईवटा कार्यक्रमहरू संचालनमा रहेका थिए। उक्त कार्यक्रमहरूको लागि विनियोजित बजेट र खर्च निम्नानुसार रहेको छ।

क्र.सं.	कार्यक्रम	वार्षिक बजेट (रु. हजारमा)	खर्च (रु. हजारमा)	बाँकी (रु. हजारमा)
१	राष्ट्रिय निकुञ्ज आयोजना	३६९६८	१६०७८	२०८९०
२	मध्यवर्ती क्षेत्र कार्यक्रम	३७०००	३६७४०	२६०
जम्मा		**७३९६८**	**५२८१८**	**२११५०**

आ. ब. ०७३/७४ मा यस सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय अन्तर्गत संचालित राष्ट्रिय निकुञ्ज आयोजना र मध्यवर्ती क्षेत्र कार्यक्रमको भौतिक प्रगति क्रमशः ९७ र ९९ प्रतिशत रहेको छ।



राष्ट्रिय निकुञ्ज आयोजना

आ. व. ०७३/७४ मा राष्ट्रिय निकुञ्ज आयोजना अन्तर्गत भवन मर्मत २ वटा, खानेपानी निर्माण १ वटा, कार्यालय कम्पाउण्ड वाल (कम्पाउण्ड वाल/फेन्सिङ) निर्माण १०० मिटर, साइनबोर्ड/सूचनाबोर्ड निर्माण ६ वटा, सोलार वाटर हिटर जडान १ वटा, खानेपानी मर्मत ३ वटा, संरक्षण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम ३ पटक, चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन ६ पटक, युनेस्को प्रतिवेदन अद्यावधिक १ पटक, डढेलो नियन्त्रण १ पटक सम्पन्न भएका छन्।

कम्पाउण्ड वाल निर्माण

आ. व. ०७३/७४ मा १०० मिटर कार्यालय कम्पाउण्ड वाल (कम्पाउण्ड वाल/फेन्सिङ) निर्माण गर्ने कार्यक्रम रहेकोमा उक्त कार्य निकुञ्ज कार्यालय नाम्चेमा सम्पन्न गरिएको छ।

साइनबोर्ड/सूचनाबोर्ड निर्माण

आ. व. ०७३/७४ मा ६ वटा साइनबोर्ड/सूचनाबोर्ड निर्माण गर्ने कार्यक्रम रहेकोमा उक्त कार्य यस राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने खुम्बु क्षेत्रको मुख्य प्रवेश स्थल लुक्लादेखि नाम्चेसम्म पर्यटकहरूलाई आवश्यक पर्ने सूचना प्रवाह गर्नको लागि ६ वटा साइनबोर्ड/सूचनाबोर्ड निर्माण गरी लुक्ला, घाट, फाक्दिङ, मन्जो र नाम्चेमा राखिएको छ।

सोलार वाटर हिटर जडान

उच्च हिमाली क्षेत्रमा कार्यरत कर्मचारीहरूको बसाईलाई सहज बनाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्नको लागि थप उत्प्रेरित गर्ने उद्देश्यले सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय परिसरमा रहेको अधिकृत निवास भवनमा यस अबधिमा सोलार वाटर हिटर जडान कार्य सम्पन्न गरिएको छ।

चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन

आ. व. ०७३/७४ मा वन्यजन्तु संरक्षणको दृष्टिकोणले संवेदनशील मानिएका यस सगरमाथा राष्ट्रिय निकुञ्जका क्षेत्रहरूमा ६ पटक यस निकुञ्ज सुरक्षार्थ तैनाथ बराहदल गुल्मसंग समन्वय गरी चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन सम्पन्न गरिएको । जसमा २०७३।०४।२९ देखि २०७३।०५।०३ सम्म फोर्चे, खुम्जुङ तथा चौरीखर्क, २०७३।०६।०७ देखि २०७३।०६।१० सम्म डोले र गोक्यो क्षेत्र, २०७३।१२।१७ देखि २०७३।१२।१९ सम्म डोले र गोक्यो, २०७४।०१।१८ देखि २०७४।०१।२३ सम्म सगरमाथा आधार शिविर क्षेत्र, २०७४।०२।२१ देखि २०७४।०२।२३ सम्म थामे र कोङदे साथै २०७४।०२।२६ देखि २०७४।०२।३० सम्म गोक्यो, कालो ओडार हुँदै मन्जोसम्म चोरी शिकार नियन्त्रणका लागि स्वीप अपरेसन गरिएको थियो।

वन डढेलो व्यवस्थापन

आ. व. ०७३/७४ मा वन डढेलो व्यवस्थापन प्याकेज कार्यक्रम अन्तर्गत नाम्चेको टिमुरघारी, ठमो, खुम्जुङ, फुंगीठाँगा र त्याङ्गवोचेमा गरी ५ वटा पानी पोखरी निर्माण, खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ३, फाक्दिङमा सरोकारवालाहरूसंग वन डढेलो व्यवस्थापन सम्बन्धमा

अन्तरक्रिया, स्थानीय एफ. एम.बाट वन डढेलो व्यवस्थापन सम्बन्धि प्रचार प्रसार, नाम्चे नजिक डढेलो जोखिमयुक्त वन क्षेत्रको Burning Material व्यवस्थापन, जोरसल्ले नजिक वेङ्करमाथिको जंगलमा लागेको डढेलो सेना तथा नागरिक समाजसंग समन्वय तथा सहकार्यमा नियन्त्रण, खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ३ स्थित जोरसल्ले

र वेङकर क्षेत्रमा ५ मिटर चौडा २.७ कि.मि. अग्निरेखा निर्माण, वन डढेलो सम्बन्धी पम्प्लेट प्रकाशन तथा वितरण, कर्मचारी स्तरमा डढेलो सचेतना तालिम सम्पन्न गरियो भने आगो नियन्त्रण कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्ने निकुञ्ज सुरक्षार्थ तैनाथ बराहदल गुल्मलाई निकुञ्जको ४१ औं स्थापना दिवसको अवसरमा रु. ५०,०००।– पुरस्कार सहित प्रशंसापत्र प्रदान गरिएको थियो।

वन डढेलो नियन्त्रणको लागि यस क्षेत्रमा सुराकी वा स्वयं सेवक परिचालन गर्न आवश्यक नदेखिएको हुँदा सो को लागि विनियोजित बजेट पहिले नै फिर्ता पठाइएको र यस अबधिमा एक पटक भन्दा बढी वन डढेलो नलागेको हुँदा वन डढेलो नियन्त्रणको लागि विनियोजित सबै बजेट खर्च हुन सकेन।

वेरुजु फछ्र्यौटको स्थिति

आ. व. ०७२/७३ को अन्तसम्म यस राष्ट्रिय निकुञ्ज कार्यालयको नाममा कायम भएको वेरुजु रु. १,९५,०६,१२९।८७ रहेकोमा आ. व. ०७३/७४ को अन्तसम्म निम्नानुसार रु. १,३८,३४,८२६।७६ (७०।९२ प्रतिशत) फछ्र्यौट गरिएको छ।

विवरण	वेरुजु (रु.)	फछ्र्यौट (रु.)	बाँकी (रु.)
नियमित गर्नुपर्ने	१,७३,८८,४२५।२३	१,२५,६१,९१९।७८	४८,२६,५०५।४५
असुल गर्नुपर्ने	२१,१७,७०४।६४	१२,७२,९०६।९८	८,४४,७९७।६६
जम्मा	१,९५,०६,१२९।८७	१,३८,३४,८२६।७६	५६,७१,३०३।११

बिशिष्ट महानुभावहरूको राष्ट्रिय निकुञ्ज भ्रमण

मिति २०७३।१०।१९ मा वन तथा भू–संरक्षण मन्त्री माननीय शंकर भण्डारीज्यू, सोलुखुम्बु जिल्लाका सांसद माननीय बल बहादुर के. सी.ज्यू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री मन बहादुर खड्काज्यू लगायतको टोलीले सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको स्थलगत अनुगमन गरी भए गरेका राम्रा कार्यहरूको प्रशंसा गर्दै निकुञ्जको संरक्षण कार्यलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउनको लागि विविध बिषयमा निर्देशन दिनु भएको थियो।

मिति २०७३।०७।१३ मा नेपाली सेनाका प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षेत्रीज्यूले यस राष्ट्रिय निकुञ्जको भ्रमण गर्नुभयो। समुदायमा आधारित बाढी तथा हिमताल बिष्फोटन जोखिम न्यूनिकरण आयोजना अन्तर्गत नेपाली सेनाको प्रत्यक्ष संलग्नतामा गरिएको इम्जा हिमतालको पानीको सतह घटाउने कार्यको पछिल्लो स्थितिको बारेमा जानकारी लिने उद्देश्यले प्रधानसेनापतिज्यू लगायतको टोली इम्जा हिमताल क्षेत्रमा गई फर्कने क्रममा नाम्चेस्थित सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको पनि अवलोकन गर्नुभएको थियो।

उक्त अबसरमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले निकुञ्ज संरक्षणको अबस्था बारेमा संक्षिप्त प्रस्तुति मार्फत जानकारी गराउनु भएको थियो। उक्त प्रस्तुति पछि सगरमाथा राष्ट्रिय निकुञ्जको वर्तमान सुरक्षा व्यवस्था र भविष्यमा निकुञ्जको सुरक्षा व्यवस्था सुदृढ गर्नका लागि आवश्यक तयारीको बारेमा बृहद छलफल भएको थियो।

मिति २०७४।०१।०८ मा सोलुखुम्बु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री उमेश पाण्डेज्यूले सगरमाथा राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन गर्ने क्रममा राष्ट्रिय निकुञ्ज कार्यालयले अत्यन्तै राम्रोसंग व्यवस्थापन गरेर निकुञ्ज क्षेत्रको व्यवस्थापन गरेको भन्दै प्रशंसा गर्नु भएको थियो। सोही अवसरमा प्रमुख जिल्ला अधिकारी श्री पाण्डेज्यूले राष्ट्रकै गौरवको रूपमा रहेको यस राष्ट्रिय निकुञ्ज भविष्यमा नेपाली लगायत संसार कै मानव जातीहरूलाई गर्वको बिषय बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो।

मिति २०७४।०२।१५ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप–महानिर्देशक श्री शेरसिंह ठगुन्नाज्यूले यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको अनुगमन गरी संरक्षण कार्य उत्तम देखिएको भन्दै निकुञ्ज कार्यालयले देखाएको सक्रियता र लगनशिलताको लागि धन्यवाद दिनु भएको थियो भने निकुञ्जको मुख्य कार्यालय, नाम्चेमा गरिएको भौतिक परिवर्तन र सरसफाई आकर्षक छ भनी प्रशंसा गर्नु भएको थियो।

तेन्जिङ–हिलारी एभरेष्ट म्याराथुन, २०१७ को समापन समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुन नाम्चे बजार आउनुभएका नेपालका लागि ग्रिसका महामहिम राजदुत Panos Kalogeropoulos सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय परिसरमा गरिएको वृक्षारोपण कार्यक्रममा सहभागी हुनु भएको थियो। सो अवसरमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले निकुञ्ज संरक्षण सम्बन्धी पछिल्ला गतिविधि बारे जानकारी गराउनु भएको थियो।

मध्यवर्ती क्षेत्र व्यवस्थापन

जैविक विविधता संरक्षणमा स्थानीय समुदायलाई सक्रीय रूपमा सहभागी गराई संरक्षणबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्ने नीति अनुरूप वि. सं. २०५० दशकमा मध्यवर्ती क्षेत्रको अवधारणा आएको हो । सगरमाथा राष्ट्रिय निकुञ्ज वरपरको २७५ वर्ग किलोमिटर क्षेत्रलाई मिति २०५८।०९।१७ मा मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ । मध्यवर्ती क्षेत्रका सम्बन्धित उपभोक्ता समितिहरू मार्फत एकिकृत रूपमा संरक्षण र विकास कार्यहरू संचालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. २, ३, ४ र ५ (साविकको नाम्चे, खुम्जुङ्ग र चौरीखर्क गा.वि.स.) मा फैलिएको मध्यवर्ती क्षेत्रलाई ३ वटा इकाईहरूमा विभाजन गरी मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरू गठन गरिएका छन् । सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गरिरहेका करीब ७,७०० उपभोक्ताहरूलाई २८ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समूहहरूमा आवद्ध गरिएको छ *(अनुसूची-१५)*।

क्र. सं.	मध्यवर्ती क्षेत्र उपभोक्ता समिति	समूह संख्या	घरधुरी संख्या	जनसंख्या
१	खुम्बियूल्हा	९	५५७	२६२५
२	नाम्चे	९	३५०	१७५०
३	चौरीखर्क	१०	७१२	३३७०
	जम्मा	**२८**	**१६१९**	**७७४५**

मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरूको प्रतिनिधिमुलक संस्थाको रूपमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति रहेको छ। यस समितिमा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरूका अध्यक्षहरू मध्येबाट छानिएका एकजना अध्यक्ष, अन्य मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्षहरू सदस्य, राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत सदस्य सचिव र सम्बन्धित जिल्ला विकास समितिका प्रतिनिधि सदस्य रहने प्रावधान रहेको छ।



बजेट विनियोजन तथा निकासा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा व्यवस्था भए बमोजिम मध्यवर्ती क्षेत्रको संरक्षण र विकासका लागि राष्ट्रिय निकुञ्जले गरेको राजश्व आम्दानीको ३०% देखि ५०% सम्म रकम सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरूलाई अनुदान दिइने गरिएको छ। त्यसैगरी मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ बमोजिम संरक्षणमा ३० प्रतिशत, सामुदायिक विकासमा ३० प्रतिशत, आय आर्जन तथा सीप विकासमा २० प्रतिशत, संरक्षण शिक्षामा १० प्रतिशत र प्रशासनिक खर्चमा १० प्रतिशत विनियोजन गरी खर्च गरिनु पर्ने प्रावधान रहेको छ।

वार्षिक प्रगति विवरण

मध्यवर्ती क्षेत्र कार्यक्रमको लागि आ. व. ०७३/७४ मा रु. ३,७०,००,०००।- बजेट स्वीकृत भएकोमा रु. ३,६७,३९,५४३।- खर्च गरी अधिकांश कार्यक्रमहरू सन्तोषजनक रूपमा सम्पन्न भएका छन्। निर्धारित समयमा सम्पन्न हुन नसकेको मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तर्गत विनियोजित लुक्ला विमानस्थलमा निकुञ्जको काउण्टर निर्माणको बजेट रु. २,५०,०००।- नियमानुसार फिर्ता पठाइएको छ। आ. व. ०७३/७४ को मध्यवर्ती क्षेत्र कार्यक्रमको रु. ३,७०,००,०००।- मध्ये मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तर्गत रु. १,००,००,०००।- (२७.०४ प्रतिशत), नाम्चे मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत रु. ९०,००,०००।- (२४.३२ प्रतिशत), खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत रु. ९०,००,०००।- (२४.३२ प्रतिशत) र चौरीखर्क मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत रु. ९०,००,०००।- (२४.३२ प्रतिशत) हुनेगरी बजेटबाँडफाँड गरी विभिन्न कार्यक्रमहरू संचालन गरिएको थियो *(अनुसुची-१६)*।

संरक्षण कार्यक्रम

आ. व. ०७३/७४ मा यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। यस अन्तर्गत नाम्चे मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको क्षेत्र अन्तर्गत फुर्तेमा र खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको क्षेत्र अन्तर्गत टासिंगामा गरी दुईवटा नर्सरी संचालन गरी विरुवा उत्पादन गरिएको छ।

यस अबधिमा फुर्ते नसरीमा ठिंगुरे सल्ला, गोब्रे सल्ला, धुपी र गुराँसको करीब ४,५०० विरुवा उत्पादन गरी नाम्चे वरपर करीब ३ हेक्टर क्षेत्रमा वृक्षारोपण गरिएको छ। त्यसैगरी टासिंगा नर्सरीमा ठिंगुरे सल्ला, गोब्रे सल्ला, धुपी, गुराँस र भोजपत्रको गरी करीब ५,००० विरवा उत्पादन गरी खुम्जुङ्गको करीब ३ हेक्टर क्षेत्रमा वृक्षारोपण गरियो।

सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्यमा सन् १९८० को दशकदेखि क्रियाशील सगरमाथा प्रदुषण नियन्त्रण समितिलाई आ. व. आ. व. ०७३/७४ मा मध्यवर्ती क्षेत्र कार्यक्रमबाट रु. १३,००,०००।– उपलब्ध गराई यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित विभिन्न गतिविधिहरू संचालन गरिएको थियो। संरक्षण कार्यक्रम अन्तर्गत नै दुई स्थानमा भू–क्षय नियन्त्रण, निकुञ्ज कार्यालयको संस्थागत क्षमता अभिवृद्धिको लागि फिल्ड गियर तथा क्यामरा, जिपिएस लगायतका सामाग्री खरिद, नावा प्रथा संरक्षण, नाम्चेमा युवाद्धारा गस्ती लगायतका कार्यहरूको लागि मध्यवर्ती क्षेत्र कार्यक्रमबाट आर्थिक सहायता उपलब्ध गराइएको थियो।

सामुदायिक विकास कार्यक्रम

सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका तीनवटै उपभोक्ता समितिहरूमा आ. व. ०७३/७४ मा पनि मध्यवर्ती क्षेत्र कार्यक्रम अन्तर्गत सामुदायिक विकास कार्यहरू सम्पन्न भएका छन्। यसरी सम्पन्न नाम्चेमा स्लेट छापेर बाटो स्तरोन्नति तथा बाटो मर्मत, ठमोमा ढल निर्माण साथै यिलाजुङ्ग पुल मर्मत रहेका छन्।

त्यसैगरी खुम्जुङ्गमा बाटो निर्माण तथा मर्मत, समूहको भवन मर्मत, फोर्चेस्थित ठाक्री छोलिङ गुम्बाको देवाङ मर्मत तथा पाङबोचेस्थित स्वास्थ्य चौकी भवन मर्मत रहेका छन् भने चौरीखर्कमा फलामे साँघु निर्माण, बाटो मर्मत तथा पेमाछोलिङ गुम्बामा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएका छन्।

आय आर्जन तथा सीप विकास कार्यक्रम

आ. व. ०७३/७४ को आय आर्जन तथा सीप विकास कार्यक्रम अन्तर्गत तेङ्गबोचेमा हेलिप्याड निर्माण, नाम्चेमा थाङका संरक्षण, थामे गुम्बामा लामा भाषा संरक्षण तथा ठमोमा विद्युत सम्बन्धी तालिम र ग्रिन हाउस निर्माण लगायतका कार्य सम्पन्न भएका छन्।

त्यसैगरी खुम्जुङ्गमा महिला सशक्तिकरण तालिम, रक क्लाइम्बिङ्ग तालिम सम्पन्न भए भने हाते ट्र्याक्टर खरिद गरी वितरण गरिएको छ। आय आर्जन तथा सीप विकास कार्यक्रम अन्तर्गत नै चौरीखर्कमा विद्युत ट्यांकी निर्माण, पेल्ट्रिक सेट निर्माण तथा पर्यटक मार्ग निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन्।

संरक्षण शिक्षा कार्यक्रम

जैविक विविधता संरक्षण सम्बन्धी सचेतना अभिवृद्धिका लागि मध्यवर्ती क्षेत्र कार्यक्रम अन्तर्गत आ. व. ०७३/७४ मा पनि विभिन्न क्रियाकलापहरू संचालन गरिएका छन्।

जसमा इको क्लब संचालन अन्तर्गत विभिन्न संरक्षणमूलक गतिविधि, जैविक विविधता संरक्षण समन्वय गोष्ठी, निकुञ्ज स्थापना दिवस कार्यक्रम, खुम्बु क्षेत्रको संरक्षण र विकासमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरूलाई संरक्षण पुरस्कार वितरण, विद्यालय सहयोग कार्यक्रम, युवाद्वारा गस्ती लगायतका कार्यक्रम सम्पन्न भएका छन्।

मध्यवर्ती क्षेत्रको कार्यक्रम अनुगमन

सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा आ. व. ०७३/७४ मा संचालित कार्यक्रमहरू अनुगमन गरी प्रतिवेदन पेश गर्नको लागि सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृत श्री मानबहादुर खड्कालाई तोकिएकोमा सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा समूहहरूका पदाधिकारीहरूसंग समन्वय गरी पहिलो पटक फाल्गुण २०७३ र दोस्रो पटक आषाढमा २०७४ मा स्थलगत अनुगमन गरी यस राष्ट्रिय निकुञ्ज कार्यालयमा अनुगमन प्रतिवेदन पेश भएको थियो । उक्त अनुगमनबाट प्राप्त जानकारी एवं सुझावहरूबाट मध्यवर्ती क्षेत्र कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउनमा सहयोग पुगेको थियो ।

पुरस्कार वितरण

सगरमाथा राष्ट्रिय निकुञ्जको ४१ औं स्थापना दिवसको अवसरमा सगरमाथा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ मिति २०७०।०१।२ देखि २०७४।०३।२५ सम्म तैनाथ **श्री बराहदल गुल्म**लाई सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको तर्फबाट रु. ५०,०००।– नगद सहित प्रशंसा पत्र प्रदान गरियो । त्यसैगरी मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको तर्फबाट खुम्बु क्षेत्रमा रही यस क्षेत्रको जैविक विविधता संरक्षण तथा सामाजिक आर्थिक बिकासमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन स्वरूप आ. व. ०७३/७४ मा निम्न बमोजिमका सात जनालाई नगद पुस्कार तथा प्रशंसा पत्र सहित सम्मान गरिएको थियो। यसरी पुरस्कृत हुनुहुनेहरूमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारीहरू मध्येबाट **रेञ्जर श्री जयराम न्यौपाने** (रु. २५,०००।–) र **लेखापाल श्री चोलराज आचार्य** (रु. २५,०००।–), खुम्बु क्षेत्रमा कार्यरत कर्मचारीहरू मध्येबाट याक विकास फार्म, स्याङ्गबोचेका **पशु सेवा प्राविधिक श्री रामललन यादव** (रु. ५०,०००।–) रहनु भएको छ।

सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र अन्तर्गतका समूह तथा समितिका पदाधिकारीहरू मध्येबाट खुम्बीयूल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, खुम्बु पासाङ ल्हामु गाउँपालिका, वडा नं. ४, खुम्जुङ्गका उपाध्यक्ष **श्री ल्हाक्पा दोर्जी शेर्पा** (रु. २५,०००।–) र दुधकुण्ड मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति, खुम्बु पासाङ ल्हामु गाउँपालिका, वडा नं. ३, घाटका कोषाध्यक्ष **श्री नुर्वु ठिले शेर्पा** (रु. २५,०००।–) पुरस्कृत हुनुभयो । खुम्बु क्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षक/शिक्षिकाहरू मध्येबाट खुम्जुङ्ग माध्यमिक विद्यालय, खुम्बु पासाङ ल्हामु गाउँपालिका, वडा नं. ४, खुम्जुङ्गका प्रधानाध्यापक **श्री शम्भु प्रसाद बास्तोला** (रु. २५,०००।–) र जनसेवा आधारभूत विद्यालय, खुम्बु पासाङ ल्हामु गाउँपालिका, वडा नं. ३, सानो गुमेलाका प्रधानाध्यापक **श्री चित्र कुमार बस्नेत** (रु. २५,०००।–) पुरस्कृत हुनु भएको थियो।

खुम्बु क्षेत्रमा कार्यरत कर्मचारीहरूकोलागि आपतकालीन कोष

सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने खुम्बु क्षेत्र सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. २, ३, ४ र ५ (साविकको नाम्चे, खुम्जुङ र चौरीखर्क गा.वि.स.हरू) समेटिएको एक बिकट हिमाली क्षेत्र हो। खुम्बु क्षेत्रमा हाल करीब आठ हजार स्थानीय बासिन्दाहरू तथा करीब चार सयको संख्यामा विभिन्न सरकारी एवं गैर सरकारी संस्थामा कार्यरत कर्मचारीहरू बसोबास गर्दछन्। बिकट क्षेत्रमा जोखिमपूर्ण अवस्थामा कार्य सम्पादन गर्नुपर्ने कर्मचारीहरूलाई आई पर्नसक्ने आपतकालीन अवस्थामा निजहरूको उद्दार, उपचार लगायत अत्यावश्यक सेवाको सुनिश्चितता गराई खुम्बु क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई उच्च मनोवलका साथ आफ्नो कार्य प्रभावकारी रूपमा सम्पादन गर्नको लागि अभिप्रेरित गर्ने उद्देश्यले **खुम्बु क्षेत्रमा कार्यरत कर्मचारीहरूको लागि आपतकालीन कोष** स्थापना गरी सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र कार्यक्रमका लागि आ. व. ०७३/७४ मा विनियोजित बजेटबाट रु. १०,००,०००।– छुट्याइएको छ।

उक्त कोष परिचालनको लागि कार्यविधि तयार गरी खुम्बु क्षेत्रका कर्मचारीहरू आफ्नो कार्य क्षेत्रमा कार्यरत रहेको अबस्थामा प्राकृतिक प्रकोप लगायत अन्य दुर्घटनामा परी वा अन्य कारणबाट बिरामी परेको अवस्थामा एक पटकको लागि अवस्था हेरी बढीमा रु. १,००,०००।– सम्म उपचार खर्च, आफ्नो कार्य क्षेत्रमा कार्यरत रहेको अबस्थामा मृत्यु भएमा वा उपचारको क्रममा मृत्यु भएमा निजको परिवारलाई राहत स्वरूप रु. ५,००,०००।– सम्म र प्राकृतिक प्रकोप लगायत अन्य दुर्घटनामा परी तत्काल उद्दार गर्नु पर्ने अवस्था परेमा सो उद्दार गर्नको लागि आर्थिक सहयोग कोषको अवस्था हेरी सहयोग उपलब्ध गराउन सकिने व्यवस्था मिलाइएको छ । उक्त कोष परिचालनको लागि निम्नानुसार संचालक समितिको व्यवस्था गरिएको छ।

क) सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष – अध्यक्ष

ख) सिमा प्रशासन कार्यालय, नाम्चेका प्रमुख – सदस्य

ग) खुम्बु क्षेत्र कर्मचारी मिलन केन्द्रका अध्यक्ष – सदस्य

घ) खुम्बु क्षेत्रको सरकारी स्वास्थ्य केन्द्रका प्रमुख – सदस्य

ङ) नाम्चे मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष – सदस्य

च) सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयबाट तोकिएको अधिकृत – सदस्य सचिव

वन्यजन्तुवाट भएको क्षति तथा राहत

वन्यजन्तुहरू (हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वांसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, गौरीगाई, अजिंगर) ले स्थानीय जनताको धनजनको क्षति गरेको अवस्थामा सोको राहत उपलब्ध गराउन सकिने प्रावधान वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका, २०६९ (दोस्रो संशोधन, २०७४) मा रहेको छ। उक्त निर्देशिकाले मानवीय क्षति (मृत्यु) भएमा मृतकको आश्रित परिवारलाई रु. १०,००,०००।–, सख्त घाइतेको लागि रु. २,००,०००।– सम्म, सामान्य घाइतेको लागि रु. २०,०००।– सम्म, पशुधन क्षतिको लागि वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नत जातको गाई वा साँडेको मृत्यु भएमा रु. ३०,०००।– सम्म, अन्य पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसको आधारमा बढीमा रु. १०,०००।– (दश हजार) सम्म पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलव्ध गराउन सक्ने समेतको व्यवस्था गरेको छ।

सगरमाथा राष्ट्रिय निकुञ्जका वन्यजन्तुहरू खासगरी चितुवा र हिउँ चितुवाले मध्यवर्ती क्षेत्रका बासिन्दाहरूको पशुधन क्षति गरेको भनी वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ (पहिलो संशोधन २०७२) बमोजिमको प्रक्रिया पूरा गरी यसा राष्ट्रिय निकुञ्ज कार्यालयमा पेश भएका चारवटा राहत माग सम्बन्धी निवेदन एवं संलग्न कागजात अध्ययन गरी राहत रकम सिफारिस समितिको मिति २०७३।०३।२१ को निर्णयानुसार राहत रकम उपलब्ध गराइदिनको लागि पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, विराटनगरमा पेश गरिएकोमा पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयको च. नं. २१६, मिति २०७३।०६।१२ को पत्र मार्फत उपलब्ध गराइएको पशुधन क्षति बापतको राहत रकम तपसील बमोजिम सम्बन्धित व्यक्तिहरूलाई उपलब्ध गराइएको छ।

क्र. सं.	राहत पाउनेको नाम	ठेगाना	राहत रकम (रु.)
१	श्री पेम्बा नुरु शेर्पा	खुम्जुङ–९	३२,०००।–
२	श्री फुरा छेतेन शेर्पा	खुम्जुङ–९	१०,०००।–
३	श्री मेख बहादुर वि.क.	खुम्जुङ–१	१०,०००।–
४	श्री आङ सानी शेर्पा	खुम्जुङ–१	३०,०००।–
जम्मा			**८२,०००।–**

आ. व. ०७३/७४ मा वन्यजन्तुबाट भएको पशुधन क्षति सम्बन्धमा निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी यस राष्ट्रिय निकुञ्ज कार्यालयमा पेश हुन आएका राहत माग सम्बन्धी निवेदनहरू तथा संलग्न कागजात अध्ययन गरी मिति २०७४।०१।१४ मा राहत वितरण सिफारिस समितिको बैठकको निर्णयानुसार राहत सिफारिस गरी पठाइएकोमा पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयको च. नं. ८७९, मिति २०७४।०२।०८ को पत्र मार्फत उपलब्ध गराइएको पशुधन क्षति बापतको राहत रकम तपसील बमोजिम सम्बन्धित व्यक्तिहरूलाई उपलब्ध गराइएको छ।

क्र. सं.	राहत पाउनेको नाम	ठेगाना	राहत रकम (रु.)
१	श्री मिङमा छिरिङ शेर्पा	नाम्चे–७	३०,०००।–
२	श्री पेम्बा शेर्पा	नाम्चे–७	३०,०००।–
जम्मा			**६०,०००।–**

मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा मध्यवर्ती क्षेत्रको वनलाई मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन, मध्यवर्ती क्षेत्र वन र निजी वन गरी चार किसिमले व्यवस्थापन गर्न सकिने प्रावधान छ। हाल सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मध्यवर्ती सामुदायिक वन मात्र रहेका छन्। आ. व. ०७३/७४ सम्ममा ९ वटा मध्यवर्ती सामुदायिक वनहरू हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिएको वनहरूको कुल क्षेत्रफल ३,८३९.७० हेक्टर रहेको छ। जसबाट ९४० घरधुरीका ३,९९३ व्यक्तिहरू लाभान्वित भएका छन् *(अनुसूची–१७)*।

विविध

सगरमाथा राष्ट्रिय निकुञ्जको ४१ औं स्थापना दिवस

मिति २०७४ श्रावण ४ गते बुधबार सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय, नाम्चे बजार, सोलुखुम्बुमा सगरमाथा राष्ट्रिय निकुञ्जको ४१ औं स्थापना दिवस एक समारोहबीच भव्यताका साथ सम्पन्न भयो । उक्त समारोहको लागि निकुञ्ज कार्यालय परिसरमा तयार गरिएको मञ्चलाई स्थानीय संस्कृति समेत झल्कने गरी सिंगारिएको थियो। कार्यक्रममा सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने खुम्बु पासाङ ल्हामु गाउँपालिका अन्तर्गतका सरकारी तथा गैह्र सरकारी संस्थाका प्रतिनिधिहरू, मध्यवर्ती क्षेत्र समिति तथा समूहका पदाधिकारीहरू, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरू साथै यस क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, महिला तथा युवा समूहका पदाधिकारीहरू समेत गरी करीब २०० जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको अध्यक्षता निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत श्री गणेश पन्तले गर्नुभएको थियो भने प्रमुख अतिथी सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री सोनाम गेल्जेन शेर्पा रहनु भएको थियो । त्यसैगरी समारोहका बिशेष अतिथीहरूमा खुम्बु पासाङ ल्हामु गाउँपालिकाका अध्यक्ष श्री डिम्दोर्जी शेर्पा, सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका पूर्व प्रमुख संक्षण अधिकृत डा. ल्हाक्पा नोर्वु शेर्पा र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका व्यवस्थापन अधिकृत श्री नारायण रूपाखेती रहनु भएको थियो। सगरमाथा राष्ट्रिय निकुञ्जको ४१ औं स्थापना दिवसको शुभारम्भ कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथी र बिशेष अतिथीहरूबाट निकुञ्ज कार्यालय परिसरमा विरुवा रोपी गरिएको थियो भने कार्यक्रममा संरक्षण शहीदहरू प्रति श्रद्धा सुमन अर्पण गर्दै एक मिनेट मौन धारण गरिएको थियो।

कार्यक्रममा स्थानीय तहको निर्वाचन, २०७४ मा खुम्बु पासाङ ल्हामु गाउँपालिकाको विभिन्न पदहरूमा निर्वाचित सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका पदाधिकारीहरूलाई सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेहरूमा यसअघि चौरीखर्क मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष रहनु भएका खुम्बु पासाङ ल्हामु गाउँपालिका अध्यक्ष **श्री डिम्दोर्जी शेर्पा**, चौरीखर्क मध्यवर्ती क्षेत्र उपभोक्ता

समितिका सचिव रहनु भएका खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ३ का अध्यक्ष **श्री मिङमा छिरी शेर्पा**, नाम्चे मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका उपाध्यक्ष रहनु भएका खुम्बु पासाङ ल्हामु गाउँ कार्यपालिका सदस्य श्री आङमाया शेर्पा र चौरीखर्क मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका कार्यालय सहायक रहनु भएका खुम्बु पासाङ ल्हामु गाउँ कार्यपालिका सदस्य श्री ल्हाक्पा छिर्री शेर्पा रहनु भएको थियो।

सोही अवसरमा सगरमाथा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ तैनाथ श्री बराहदल गुल्मलाई सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको तर्फबाट र यस क्षेत्रको जैविक विविधता संरक्षण तथा सामाजिक आर्थिक विकासमा योगदान गर्ने सात जनालाई मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको तर्फबाट नगद पुस्कार तथा प्रशंसा पत्र सहित सम्मान गरियो।

वन्यजन्तु सप्ताह, २०७४

युवा अग्रसरता : संरक्षण र समृद्धिको सुनिश्चिता भन्ने नाराका साथ सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा २२ औं वन्यजन्तु सप्ताह विविध कार्यक्रमहरू सहित मनाइयो। सप्ताहको पहिलो दिन २०७४ वैशाख १ गते शुक्रबार राष्ट्रिय निकुञ्ज कार्यालय परिसरको बिशेष सरसफाई गरी निकुञ्ज कार्यालय, सगरमाथा प्रदुषण नियन्त्रण समितिको कार्यालय, नाम्चे बजार र लुक्ला पोष्ट, लुक्लामा वन्यजन्तु सप्ताहको व्यानर राखियो भने विभिन्न स्थानहरूमा वन्यजन्तु सप्ताहको पोष्टर टाँसेर वन्यजन्तु सप्ताहको शुभारम्भ गरिएको थियो। यो समय खुम्बु क्षेत्रमा पर्यटकहरू आउने मुख्य सिजन भएको हुँदा अधिकांश स्थानीय युवाहरू पर्यटकीय सेवाको लागि गोक्यो, सगरमाथा आधार शिविर लगायतका क्षेत्रहरूमा हुने साथै यस क्षेत्रका विद्यालयहरू समेत बन्द रहेको हुँदा वन्यजन्तु सप्ताहलाई अपेक्षकृत रूपमा भव्यताका साथ मनाउनमा केही कठिनाई रह्यो। तथापि सम्भव भएसम्मका कार्यक्रमहरूको आयोजना गरी वन्यजन्तु संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्नको लागि वन्यजन्तु सप्ताहको अवसरमा निकुञ्ज कार्यालयको तर्फबाट प्रयास जारी राखिएको थियो।

वन्यजन्तु सप्ताहको पाँचौं दिन एवं विश्व सम्पदा दिवस (World Heritage Day) को अवसरमा २०७४ बैशाख ५ गते मंगलबार सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने लुक्लास्थित श्री लुक्ला आधारभूत विद्यालयमा संरक्षणमूलक हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा दुई विद्यालयका ६ टोली सहभागी रहेका थिए। जसमा श्री महेन्द्रज्योति माध्यमिक विद्यालयको टोली प्रथम, श्री लुक्ला आधारभूत विद्यालयको टोली द्धितीय र श्री महेन्द्रज्योति माध्यमिक विद्यालयकै अर्को टोली तृतीय भएको थियो। उक्त हाजिरी जवाफ प्रतियोगितामा पुरस्कृत हुनेहरूलाई सगरमाथा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ बराहदल गुल्मको लुक्लास्थित सुरक्षा पोष्टका प्रमुख लगायतका अतिथिहरूले पुरस्कार वितरण गर्नु भएको थियो।

त्यसैगरी वन्यजन्तु सप्ताहको सातौं तथा अन्तिम दिन २०७४ बैशाख ७ गते बिहीबार सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयमा वन डढेलो व्यवस्थापन सम्बन्धमा सरकारवालाहरूसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरी २२ औं वन्यजन्तु सप्ताहको समापन गरिएको थियो। कार्यक्रममा सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष, सगरमाथा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ बराहदल गुल्मका गुल्मपति लगायत ३५ जनाको सहभागिता रहेको थियो।

उक्त अवसरमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत श्री गणेश पन्तले वन्यजन्तु सप्ताहको पृष्ठभूमि, उद्देश्य तथा सान्दर्भिकता बारे जानकारी गराउनु भएको थियो। कार्यक्रममा वन डढेलो व्यवस्थापन र जैविक विविधता संरक्षणमा यसको महत्त्व बिषयमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृत श्री मान बहादुर खड्काले संक्षिप्त प्रस्तुति गर्नु भएको थियो। कार्यक्रमको अन्तमा वन डढेलो व्यवस्थापन तथा जैविक विविधता संरक्षणमा सरोकारवालाहरूको भूमिका सम्बन्धमा छलफल अन्तरक्रिया गरी कार्यक्रम समापन गरिएको थियो।

एभरेष्ट म्याराथुन, २०१७

सगरमाथा आरोहणको ६४ औं बर्षगाँठको उपलक्ष्यमा हिमालयन एक्सपिडिसन नेपालको आयोजनामा २९ मे, २०१७ मा तेन्जिङ्ग-हिलारी एभरेष्ट म्याराथुन सम्पन्न भयो।

उक्त म्याराथुन दौड प्रतियोगिता यस सगरमाथा राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने एभरेष्ट वेश क्याम्प-गोरक्षेप-लोवुचे-दिङ्गवोचे-तेङ्गवोचे-नाम्चे सम्मको पदयात्रा मार्गमा आयोजना गरिएको थियो। कुल ४२.१९५ किलोमिटरको दुरी ३ घण्टा ४५ मिनेट ५७ सेकेण्डमा पूरा गरी श्री

सुमन कुलुङ उक्त म्यारथुन दौड प्रतियोगितामा प्रथम हुनुभएको थियो । नाम्चे बजारमा मिति २०७४।०२।१५ मा आयोजित एक समारोहमा उक्त म्याराथुन दौड प्रतियोगिताका विजयी धावकहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । उक्त समारोहका सभापति हिमालयन एक्सपिडिसन नेपालका अध्यक्ष श्री बिक्रम पाण्डे रहनुभएको थियो भने नेपालका लागि ग्रिसका महामहिम राजदुत Panos Kalogeropoulos प्रमुख अतिथी रहनु भएको थियो। त्यसैगरी उक्त सरमारोहमा पर्यटन विभागका महानिर्देशक श्री दिनेश भट्टराई र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप–महानिर्देशक श्री शेरसिंह ठगुन्ना बिशेष अतिथी रहनु भएको थियो। यस किसिमका साहसिक पर्यटकीय गतिविधिको आयोजनाबाट यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्न जाने देखिन्छ।

सगरमाथा आधार शिविर क्षेत्रको अनुगमन

सगरमाथा राष्ट्रिय निकुञ्जको माथिल्लो क्षेत्रमा पर्ने सगरमाथा आधार शिविर लगायतका क्षेत्रहरूमा हाल भई रहेका पर्यटकीय गतिविधिहरू तथा यस राष्ट्रिय निकुञ्जका उल्लेखित क्षेत्रहरूमा संरक्षणको वर्तमान अवस्थाको बारेमा जानकारी लिने उद्देश्यले यस राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत सहितको तीन सदस्यीय टोलीले मिति २०७३।०७।१७ देखि २०७३।०७।२३ को अबधिमा फोर्चे, पाङबोचे, दिङबोचे, छुकुङ्ग, इम्जा हिमताल, आइल्याण्ड पिक आधार शिविर, कोङमला पास, लोबुचे, गोरक्षप, सगरमाथा आधार शिविर, कालापत्थर, थुक्ला, फेरिचे, देवुचे, तेङ्गबोचे, फुंगीठाँगा लगायतका क्षेत्रको स्थलगत भ्रमण सम्पन्न गरेको छ।

उक्त अबधिमा गरिएको प्रत्यक्ष अवलोकन तथा सरोकारवालाहरूसंग गरिएको छलफल अन्तरक्रियाबाट प्राप्त जानकारीको आधारमा यस क्षेत्रमा गर्न आवश्यक देखिएका निकुञ्जको जैविक विविधता संरक्षण तथा पर्यटन व्यवस्थापनसंग सम्बन्धित मुख्य १५ बुँदाहरू समेटेर तयार गरिएको स्थलगत प्रतिवेदन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयमा पेश गरिएको थियो।

सम्झौता कार्यान्वयन सम्बन्धी अनुगमन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र एनसेल प्रा. लि. नेपालबीच दुर संचार सेवा बिस्तारको लागि वि.टि.एस. टावर तथा एन्टेना निर्माण गर्न संरक्षित क्षेत्रको जग्गा ३० बर्ष अवधिको लागि भोगाधिकारमा उपलब्ध गराउने सम्बन्धमा मिति २०७०।०८।१४ मा भएको सम्झौता बमोजिम सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा एनसेल प्रा.लि.ले चारवटा वि.टि.एस. टावरहरू निर्माण गरी दुर संचार सेवा संचालन गरेको छ।

उल्लेखित सम्झौता बमोजिमका अधिकांश शर्तहरू कार्यान्वयन नभएको सन्दर्भमा निन्तरको प्रयासपछि उक्त सम्झौता बमोजिमको अनुगमन समितिका पदाधिकारीहरूले सम्झौताका शर्तहरूको कार्यान्वयनको स्थिति बारे मिति २०७४।०२।०८ देखि २०७४।०२।१३ सम्म सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको स्थलगत अनुगमन कार्य गर्ने व्यवस्था मिलाइएको थियो। उक्त टोलीले स्थलगत अनुगमनपछि सम्झौता कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयमा पेश गरेको छ। हाल उक्त प्रतिवेदनले दिएको सुझाव बमोजिम कार्यान्वयन गर्न बाँकी रहेका शर्तहरूको पालना गर्ने गराउने प्रक्रिया अगाडि बढिसकेको हुँदा उल्लेखित सम्झौताका शर्तहरू पूर्ण रूपले पालना गर्ने सुनिश्चितता भएको देखिन्छ।

हार्दिक स्वागत

सेनानी श्री रत्नकेशर खड्का
गुल्मपति
शम्शेर गुल्म

श्री मानबहादुर खड्का
सहायक संरक्षण अधिकृत
सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय

श्री निर्मला कुमारी बम
कम्प्युटर अपरेटर

श्री ज्ञानदिप कार्की
